खानेपानी तथा ढल निकास विभाग

दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना

आयोजना व्यवस्थापन कार्यालयको प्रकाशन


# पानी र परिवर्तन

ADB

## खानेपानी तथा सरसफाइ संगालो


पौष २०७३ अंक १० | January 2017, Vol-10


## नेपालमा एशियाली विकास बैंकको सहयोगमा संचालित दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना







### सम्पादकीय
### पाठक वर्गसँग हाम्रो अनुरोध

दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना व्यवस्थापन कार्यालयको अग्रसरतामा नवौं अंक सम्म "**परिवर्तन**" को नामले प्रकाशित हुँदै आएको खानेपानी तथ सरसफाइ संगालोको दशौं अंक देखि परिमार्जित गरी "**पानी र परिवर्तन**" को नामले यहाँहरु समक्ष प्रस्तुत गरेका छौं । यस अंकले विशेषतः दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको यथार्थ प्रगति, प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको स्तर वृद्धि सहित पूनर्निर्माण कार्यक्रमको प्रगति, आयोजनाको विविध गतिविधि तथा कार्यक्रमहरुबारे समेटेको सहस्र जानकारी गराउन चाहन्छौं । "**पानी र परिवर्तन**" को दशौं अंकको माध्यमबाट पनि खानेपानी तथा सरसफाइ सम्बन्धी सूचना तथा जानकारी उपभोक्ता, सरोकारवालाहरु तथा यस आयोजना सम्बन्धी जिज्ञासा राख्नु हुने प्रत्येक नागरिक समक्ष पुगोस् भन्ने अपेक्षा राखेका छौं । हाम्रो अथक प्रयास बावजुद, यस अंकमा त्रुटीहरु नहोलान् भन्न सकिन्न, तसर्थ सृजनात्मक सुधारको लागि यहाँहरुको राय तथा सुझाव दिन हुन सम्पूर्ण पाठक वर्गमा हार्दिक अनुरोध गर्दछौं । साथै, यस प्रकाशनको लागि प्रत्यक्ष तथा अप्रत्यक्षरुपले सहयोग पुर्याउनु हुने सबै महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

### शुभकामना



दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका नगर आयोजनाहरुको गतिविधि, प्रगति, उपलब्धिहरु, आयोजना सम्बन्धी समस्या तथा चुनौतीहरु संगाली अर्ध वार्षिक रुपमा नवौं अंक सम्म परिवर्तनको नामले प्रकाशित गर्दै आई रहेको खानेपानी तथा सरसफाइ संगालोको दशौं अंक देखि "**पानी र परिवर्तन**" नामले प्रकाशन हुन लागेकोमा मलाई ज्यादै हर्ष लागेको छ । यस अंकले पनि Water Governance पारदर्शी रुपमा आम उपभोक्ता तथा सरोकारवालाहरु माझमा सूचना संप्रेषण गर्ने माध्यमको रुपमा महत्वपूर्ण भूमिका खेल्नेछ । साथै, यस प्रकाशनले खानेपानी तथा सरसफाइ सम्बन्धी जानकारी राख्न खोज्ने महानुभावहरुलाई केहि हद सम्म जिज्ञासा मेटाउन सहयोग गर्नेछ भन्ने मैले आशा राखेको छु ।

खानेपानी तथा सरसफाइ सबैको मौलिक हक भएको नेपालको संविधानमा व्यवस्था रहेको विधितै छ । उक्त मौलिक हक संरक्षणको लागि, नेपाल सरकारले सन् २०१७ सम्म सत प्रतिशत जनतामा आधारभूत खानेपानी तथा सरसफाइ सेवाको प्रत्याभुती गर्न लागी परेको छ । साथै, सन् २०१७ सम्म २७% जनतालाई उच्च र मध्यम स्तरको खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउने लक्ष्य रहेकोमा, साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट उक्त लक्ष्य हासिल गर्न ठूलो टेवा पुगिरहेको छ । तथापि, हाल नेपाल सरकारबाट नयाँ नगरपालिका घोषणा भएको तथा नगर क्षेत्रहरुमा अझै उच्च र मध्यम स्तरको पानी तथा सरसफाइ पुर्‍याउन एक घर एक धाराको अबधारणा बमोजिम सेवा प्रदान गर्न ठूलो लगानी आवश्यक भएको एशियाली विकास बैंकसंग पहल समेत भई रहेको छ ।

नेपाल सरकार, स्थानिय उपभोक्ता तथा एशियाली विकास बैंकको सहयोगमा प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजना (वि.स २०५७/२०५८ देखी २०६४/२०६५) बाट २९ वटा साना सहरहरुमा खानेपानी तथा सरसफाइका सुविधा निर्माण भई करीब ५ लाख ९३ हजार जनताहरु खानेपानी तथा सरसफाइका उपभोग गरि रहेका छन् भने २१ वटै दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भए पश्चात् ३ लाख ९० हजार जना उपभोक्ताहरु थप खानेपानी तथा सरसफाइका सुविधाबाट लाभान्वित हुनेछन् । त्यसरी नै, १९ वटा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भए पश्चात् करीब ३ लाख ९० हजार जनसंख्यालाई उच्चस्तरीय/मध्यम स्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध हुनेछ । साथै २४ वटा प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा स्तरवृद्धि सहित पुनर्निर्माण कार्यक्रम सम्पन्न भएपछि थप ३७,७९९ वटा निजी धारा जडान सहित सेवा सुविधाको स्तरोन्नति हुनेछ । अर्को तर्फ, विभिन्न कारणले आयोजना क्षत्रभित्रका सेवा सुविधा लिन असमर्थ गरीब, निर्धन, एकल महिला तथा पिछडिएका वर्गहरुलाई दोस्रो/ तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट प्रतिफलमा आधारित अनुदान सहयोग मार्फत प्रत्येक घरमा चर्पी तथा धारा निर्माण कार्य भई रहेका छन् । यसरी साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाले उपभोक्ताहरुको जीवन स्तर अभिवृद्धि गर्न टेवा पुर्‍याउनेछ भन्नेमा म विश्वस्त छु ।

यसै अनुरुप, आयोजना व्यवस्थापन कार्यलयद्वारा प्रकाशित गर्न लागेको साना सहरी आयोजनाहरुको सम्पूर्ण प्रगति, कार्यक्रमको प्रभावकारीता तथा गतिविधिहरु झल्काउने प्रकाशन "**पानी र परिवर्तन**" को निरन्तरता तथा सफलताको कामना सहित शुभकामना व्यक्त गर्न चाहन्छु ।

**तेजराज भट्ट**
**महानिर्देशक**
**खानेपानी तथा ढल निकास विभाग**

### प्रतिबद्धता



दोस्रो तथा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना व्यवस्थापन कार्यालयद्वारा साना सहरी आयोजनाहरुका प्रगति, कार्यक्रम तथा अवस्था बारेमा सम्बन्धित सबै सरोकारवालाहरु एवं यस आयोजनाबारेमा जिज्ञासा राख्नु हुने महानुभावहरुलाई पारदर्शी रुपमा सत्य–तथ्य कुराहरुको जानकारी हुन सकोस् भन्ने अभिप्रायले खानेपानी तथा सरसफाइ संगालोको नवौं अंक सम्म "**परिवर्तन**" नामले प्रकाशन नियमित रुपमा गर्दै आई रहेका थियौं । अब उप्रान्त, यस प्रकाशनको निरन्तरतानुरुप दशौं अंक देखि "**पानी र परिवर्तन**" ले पाठकहरु समक्ष सूचना पुर्‍याउन मद्दत गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट २९ वटा, दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट २१ वटा मध्ये १७ वटा नगर आयोजनाहरुको निर्माण सम्पन्न भई दोस्रो चरण (निर्माण व्यवसायीबाटै १ वर्षसम्म आयोजना संचालन) वा तेश्रो चरण त्रुटिको सुधार समय (Defect Liability Period, DLP) मा प्रवेश भै जनतालाई सेवा दिने कार्य भै राखेको छ भने बाँकी ४ वटा नगर आयोजना दोस्रो चरणमा प्रवेश गर्ने संघारमा रहेको सहर्ष जानकारी गराउन चाहन्छु । त्यसैगरी, तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तरर्गतका सम्भाव्य खानेपानी तथा सरसफाइ आयोजनाहरु मध्ये अधिकांश आयोजनाहरुमा निर्माण कार्य सुरु भईसकेको व्यहोरा पनि जानकारी गराउन चाहन्छु ।

देश भरिबाट साना सहरी आयोजनाहरुको अत्यधिक माँगलाई दृष्टिगत गरी साना सहरी तेश्रोमा निर्धारित आयोजनाहरुमा केहि आयोजनाहरु थपहुने गरी एशियाली विकास बैंकसंग ठोस छलफल गरिनुका साथै अन्य आवश्यक प्रक्रियाहरु समेत अगाडि बढाइएका छन् ।

"**पानी र परिवर्तन**" को यस अंकले पूर्व मेची देखि पश्चिम महाकाली सम्म छरिएर रहेका साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत सञ्चालनमा रहेका, निर्माणाधीन र निर्माण शुरु हुने क्रममा रहेका आयोजनाहरु बारेमा पारदर्शी रुपमा जानकारी गराउने प्रभावकारी माध्यमको रुपमा अहम् भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु । साथै, भविष्यमा पनि यो संङ्गालोलाई अझ स्तरीय ज्ञानवर्द्धक तथा सूचना मूलक बनाउने प्रतिबद्धता जाहेर गर्दै यस संगालो र समग्रतया आयोजनालाई समेत अझ प्रभावकारी बनाउन आ-आफ्नो क्षेत्रबाट राय, सल्लाह, सुझाव र प्रतिक्रिया उपलब्ध गराई हामीहरुलाई काम गर्न अभिप्रेरित गरि दिनु हुन आम पाठक वर्गसँग आग्रह गर्दछु ।

**राम चन्द्र साह**
आयोजना निर्देशक
आयोजना व्यवस्थापन कार्यालय

## दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको निर्माण/संचालनको यथार्थ विवरण :-

दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको कार्यक्षेत्र-२ अनुसार २१ वटा साना सहरहरुमा खानेपानी तथा सरसफाइ सेवा सुविधाको विकास तथा विस्तार गर्ने लक्ष्य बमोजिम हाल सम्म १७ वटा फिदिम, इन्द्रपुर, दमक, दुहवी, बाग्लुङ्ग, करैया-मकहर, सन्धिखर्क, लमही, शिवनगर, भासी, काँकडभिट्टा, लेटाङ्ग, धनकुटा, मेघौली, मुकुन्दपुर, व्यासनगर र दरख/सुक्खड नगर आयोजनाहरु सम्पन्न भई दोस्रो चरण (आयोजना निर्माण सम्पन्न भएपछि निर्माण व्यवसायीले एक वर्षसम्म आयोजनाको संचालन, मर्मत/सम्भारको पूर्ण जिम्मेवारी) मा प्रवेश गरी १,४८,१३८ वटा घरधुरीमा निजी धारा जडान भई ३,२९,९५२ (आधार वर्ष) जना उपभोक्ताले स्वच्छ खानेपानीको सुविधा उपभोग गरिरहेका छन् । यी १७ वटा नगर आयोजनाहरु मध्ये ५ वटा नगर आयोजनाहरु संचालन र सम्भार चरणमा छन् भने १० वटा Defect Liability चरणमा छन् र २ वटा नगर आयोजनाको Defect Liability चरण समेत सम्पन्न भैसकेको छ । २१ वटा साना सहरहरु मध्ये बाकी ४ वटा नारायण नगरपालिका (दैलेख), खाँदवारी (संखुवासभा), रामपुर (पाल्पा) र बैतडी नगर आयोजनाहरु शीघ्र दोस्रो चरणमा प्रवेश गर्ने क्रममा छन् । यी ४ वटा नगर आयोजनाहरुको प्रगति विवरण तलको तालिकामा दर्शाइएको छ

| नगर आयोजना | नारायण न. पा | खाँदवारी | रामपुर | बैतडी |
|---|---|---|---|---|
| भौतिक प्रगति% | ८४.९४ | ९८.७३ | ९४.२४ | ९०.९१ |
| वित्तीय प्रगति% | ७६.४५ | ९८.७८ | ७९.३८ | ८९.०१ |

त्यसै गरी, यस आयोजनाबाट सरसफाइद्वारा जनसमुदायको स्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउन नगर र घरायसी गरी दुई स्तरमा कार्य सम्पादन गर्ने रणनीति लिए अनुरुप ४९ वटा सार्वजनिक/संस्थागत शौचालय, ३३.६३ कि. मी. वर्षातको पानी निकासको लागि सतही ढल निर्माण सम्पन्न भई सकेका छन् । यसरी नै, करैया-मकहर नगर आयोजना बाहेक बाकी २० वटा नगर आयोजनामा संचालित प्रतिफलमा आधारित अनुदान सहयोगबाट विपन्न तथा जोखिममा परेका वर्ग/समुदायमा ५,०५६ वटा पक्की चर्पी र ४,६८२ वटा धारा जडान कार्य सम्पन्न भई सकेको छ । त्यस्तै, फोहोरपानी निकासको व्यवस्था गर्नको लागि इन्द्रपुर र ब्यास नगर आयोजनामा DEWATS तथा FSM प्रणालीको अध्ययन गरी ठेक्कापट्टा आव्हान भई निर्माण कार्य भई रहेको छ ।

## तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको यथार्थ विवरण

तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको ऋण सम्झौता हुँदा २६ वटा नगर आयोजनाहरु निर्माण गरिने लक्ष्य लिइएको भएता पनि नगर आयोजनाहरुको क्षेत्र ठूलो हुन गई लागत बढ्न गएकाले हाल आएर १९ वटा नगर आयोजनाहरुलाई मात्र आर्थिक स्रोत पुग्ने अवस्था देखिएकोले सोहि अनुसार काम अघि बढी रहेको छ । समग्र आयोजनाको प्रगति ३५% रहेको छ । १९ वटा नगर आयोजना मध्ये १६ वटा नगर आयोजनाको ठेक्कापट्टा सम्झौता भई निर्माण कार्य अघि बढी रहेको छ भने बाकी ३ वटा मध्ये सुँडा तथा लालबन्दी नगर आयोजनाका लागि निर्माण व्यवसायीको छनौट प्रक्रिया अघि बढी रहेको छ । २६ मध्ये बाकी ८ वटा नगर आयोजनाहरुको सम्भाव्यता तथा विस्तृत इन्जिनियरिङ्ग अध्ययनको स्थिति निम्न अनुसार रहेको छ :

| सि. नं. | आयोजनाको नाम | अध्ययनको अवस्था | अध्ययन सम्पन्न (%) |
|---|---|---|---|
| १. | कटहरीया, रौतहट | विस्तृत इन्जिनियरिङ्ग अध्ययन सम्पन्न | १००% |
| २. | चरीकोट, दोलखा | विस्तृत इन्जिनियरिङ्ग अध्ययन सम्पन्न | १००% |
| ३. | दिक्तेल, खोटाङ्ग | सम्भाव्यता अध्ययन | ५०% |
| ४. | भोजपुर बजार, भोजपुर | विस्तृत इन्जिनियरिङ्ग अध्ययन | ७०% |
| ५. | लिवाङ्ग, रोल्पा | सम्भाव्यता अध्ययन | १००% |
| ६. | अमरगढी, डडेलधुरा | सम्भाव्यता अध्ययन | १००% |
| ७. | चैनपुर, बभाङ्ग | विस्तृत इन्जिनियरिङ्ग अध्ययन | १००% |
| ८. | इलाम, इलाम | सामाजिक मुद्दाहरुमा छलफल हुँदै | - |

### निर्माणाधीन तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको प्रगति विवरण निम्न अनुसार रहेको छ :

| क्र. सं. | आयोजनाको नाम | आयोजनाको उपलब्धि/यथार्थ स्थिति |
|---|---|---|
| १. | चारआली , झापा | • ओभरहेड ट्याङ्क निर्माण ८०% सम्पन्न<br>• HDPE पाइप जडान २५% (१८ कि.मी) सम्पन्न<br>• ५०% (४.५ कि.मी.) DI पाइप जडान कार्य सम्पन्न<br>• अफिस तथा ल्याब बिल्डिङ निर्माण कार्य शुरु भई पहिलो तल्लाको ८०% कार्य सम्पन्न<br>• डिप ट्यूबवेल ९५% निर्माण सम्पन्न<br>• वाउन्ड्री वाल ७५% सम्पन्न<br>• ७५% approach road सम्पन्न<br>• ८०% जेनेरेटर हाउस सम्पन्न<br>• ८०% सार्वजनिक शौचालय निर्माण सम्पन्न<br>• कुल भौतिक प्रगति ६३.०५%<br>• कुल वित्तीय प्रगति ५१% |

| | | |
|---|---|---|
| २. | महेन्द्रनगर , सुनसरी | • ६०% ओभरहेड ट्याङ्की निर्माण सम्पन्न<br>• ६०% वाउन्ड्री वाल सम्पन्न<br>• HDPE पाइप जडान १४% सम्पन्न<br>• अपरेटर तथा जेनेरेटर घर निर्माण ३५% सम्पन्न<br>• ३५% सार्वजनिक शौचालय निर्माण काम सम्पन्न<br>• कुल भौतिक प्रगति ४३.४%<br>• कुल वित्तीय प्रगति ४२% |
| ३. | सखुवा महेन्द्रनगर , धनुषा | • ९५% रिजर्भवायर ट्याङ्की निर्माण कार्य सम्पन्न<br>• ८५% (४३ कि.मी.) HDPE पाइप जडान कार्य सम्पन्न<br>• DI पाइप जडान कार्य १०% सम्पन्न<br>• अफिस तथा ल्याव विल्डिङ ९५% सम्पन्न<br>• सार्वजनिक शौचालयको ९२% निर्माण काम सम्पन्न<br>• ७५% एरेटरको काम सम्पन्न<br>• ९२% संस्थागत शौचालयको निर्माण कार्य सम्पन्न<br>• वाउन्ड्री वाल ८०% सम्पन्न<br>• कुल भौतिक प्रगति ८०%<br>• कुल वित्तीय प्रगति ४८% |
| ४. | रामनगर-मिर्चैया, सिराहा | • ४ वटा well को ९०% निर्माण कार्य सम्पन्न<br>• अफिस बिल्डिङ ९०% सम्पन्न<br>• ओभरहेड ट्याङ्की (मटिअर्बा साइट) २५% सम्पन्न<br>• रिजर्भ्वायर ट्याङ्की (Existing OHT site ) ७५% सम्पन्न<br>• ओभरहेड ट्याङ्की (फुलबरिया साइट) २५% सम्पन्न<br>• पालेघर (फुलबरिया साइट) ६२% निर्माण कार्य सम्पन्न<br>• HDPE पाइप जडान १९% (११ कि.मी) सम्पन्न<br>• वाउन्ड्री वाल १५% (मटिअर्बा) तथा १५% (छघरिया) सम्पन्न<br>• कुल भौतिक प्रगति २९%<br>• कुल वित्तीय प्रगति २७ % |
| ५. | डुम्रे , तनहुँ | • तीन वटा ग्राउन्ड रिजर्भ्वायर (भानु, भुक भुके तथा खेलकुद मैदानमा निर्माण कार्य शुरु ) ४०% निर्माण कार्य सम्पन्न<br>• ४०% DI पाइप लाइन जडान कार्य शुरु<br>• २ वटा स्लो स्यान्ड फिल्टरको ६०% काम सम्पन्न<br>• कुल भौतिक प्रगति ४०%<br>• कुल वित्तीय प्रगति ३३.६०% |
| ६. | विदुर, नुवाकोट | • निर्माण कार्य शुरु भएको<br>• कुल भौतिक प्रगति २.५%, वित्तीय प्रगति ८.७५% |
| ७. | मुसिकोट, रुकुम | • रिजर्भ्वायर ट्याङ्की १,२,४ र ५ को निर्माण कार्य सम्पन्न<br>• १३ कि.मी फिटिङ्गस सहित HDPE पाइप जडान<br>• अफिस तथा ल्याब बिल्डिङको पहिलो तल्लाको ९०% काम सम्पन्न<br>• ६०% Intake निर्माण कार्य सम्पन्न<br>• स्लो स्ट्याण्ड फिल्टर १ - ६०% निर्माण<br>• स्लो स्ट्याण्ड फिल्टर २ -२५% निर्माण<br>• पाले घर ६०% stone masonary सम्पन्न<br>• सार्वजनिक शौचालयको ८०% निर्माण काम सम्पन्न<br>• कुल भौतिक प्रगति ६०.५०%<br>• कुल वित्तीय प्रगति ६०.७ % |
| ८. | खलंगा-सितलपाटी, सल्यान | • ५ वटै ग्राउन्ड रिजर्भ्वायरको ९५% निर्माण कार्य सम्पन्न<br>• ५.२ कि.मी. (९५%) ट्रान्समिसन पाइप जडान<br>• २५.७५ कि.मी. (९०%) डिष्ट्रिब्युसन पाइप जडान कार्य सम्पन्न<br>• अफिस तथा ल्याब बिल्डिङको ९८% काम सम्पन्न<br>• ३ वटै डिप ट्युबवेलको ९५% काम सम्पन्न<br>• approach road निर्माण कार्य ७५% सम्पन्न<br>• अपरेटर तथा जेनेरेटर हाउस निर्माण कार्य ८०% सम्पन्न<br>• सितलपाटी तथा श्री नगर बस पार्कमा निर्माण भई रहेका सार्वजनिक शौचालय ९०% सम्पन्न<br>• कुल भौतिक प्रगति ८७%<br>• कुल वित्तीय प्रगति ५२.५६% |

| | | |
|---|---|---|
| ९. | चन्द्रौटा, कपिलवस्तु | • ओभरहेड ट्याङ्कीको ८२% निर्माण कार्य सम्पन्न<br>• ९ कि.मी. (३२%) HDPE पाइप तथा २.५ कि.मी. DI पाइप वितरण लाइनमा जडान<br>• अफिस तथा ल्याब घरको निर्माण ६५% सम्पन्न<br>• डिप ट्युबवेल ७५% सम्पन्न<br>• वाउन्ड्री वाल ७५% सम्पन्न<br>• अपरेटर तथा जेनेरेटर घरको ८०% निर्माण कार्य सम्पन्न<br>• सार्वजनिक शौचालय निर्माण ८०% सम्पन्न<br>• कुल भौतिक प्रगति ७२%<br>• कुल वित्तीय प्रगति ५१% |
| १०. | टिकापुर , कैलाली | • ३ वटा ओभरहेड ट्याङ्की २५% निर्माण<br>• ९ कि.मी. (१०%) डिष्ट्रिव्युसन पाइप जडान<br>• ३०% अफिस तथा ल्याब बिल्डिङ निर्माण<br>• १० वटा डिप ट्युबवेल मध्ये ३ वटा निर्माण सम्पन्न<br>• बाउन्ड्री वाल ५५% निर्माण<br>• ६ वटा संस्थागत चर्पी तथा ३ वटा सार्वजनिक शौचालय ५०% निर्माण<br>• कुल भौतिक प्रगति ४१%<br>• कुल वित्तीय प्रगति ३८.८५% |
| ११. | विरेन्द्रनगर , चितवन | • निर्माण व्यवसायीसंग सम्झौता भई मोबिलाइजेसनको तयारी |
| १२. | तमसरिया, नवलपरासी | • निर्माण व्यवसायीसंग सम्झौता भई सकेको |
| १३. | आबुखैरेनी, तनहुँ | • निर्माण व्यवसायीसंग सम्झौता भई सकेको |
| १४. | बाबियाचौर, सुर्खेत | • निर्माण व्यवसायीसंग सम्झौता भई सकेको |
| १५. | निर्मल पोखरी, कास्की | • निर्माण व्यवसायीसंग सम्झौता भई सकेको |
| १६. | कटारी, उदयपुर | • निर्माण व्यवसायीसंग सम्झौता भई सकेको |

## प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको स्तरवृद्धि सहित पुनर्निर्माण कार्यक्रमको यथार्थ प्रगति तथा अवस्था :

प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत २९ वटा नगर आयोजना मध्ये २४ वटा नगर आयोजनामा स्तरवृद्धि सहित पुनर्निर्माण गर्नु पर्ने भएकोले सम्बन्धित खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था, आयोजना व्यवस्थापन कार्यालय तथा नगर विकास कोष बीच आयोजनाको पुनर्निर्माण, संचालन एवं व्यवस्थापन गर्ने सम्बन्धमा त्रिपक्षीय वित्तीय सम्झौता भए अनुरुप २४ वटै नगर आयोजनाहरुमा ठेक्कापट्टा सम्झौता भई निर्माण कार्य शुरु भई सकेको छ । यी आयोजनाहरु यसै आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ काम अगाडि वढाइएको छ । सबै काम सम्पन्न भएपछि २४ वटा आयोजनाहरुबाट थप ३७,७९९ वटा निजी धारा जडान सहित सेवा सुविधाको स्तरोन्नति हुनेछ । तलको तालिकामा २४ वटा प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा पुनर्निर्माण कार्यक्रमको यथार्थ प्रगति/उपलब्धिहरु विस्तृत रुपमा उल्लेख गरिएका छन् ।

| सि. नं. | आयोजनाको नाम | २०७३ पौष सम्मको प्रगति |
|---|---|---|
| १. | अत्तरीया, कैलाली | • ट्युबवेल १, २ र ३ निर्माण सम्पन्न<br>• क्लोरीनेसन ल्याबको निर्माण सम्पन्न<br>• ११ कि.मी HDPE पाइप जडान सम्पन्न<br>• कुल भौतिक प्रगति ७५.०५%<br>• कुल वित्तीय प्रगति ५४.२२% |
| २. | बर्दघाट, नवलपरासी | • इन्टेकको सुधार कार्यक्रम सम्पन्न<br>• रिजर्भ्वायर र ट्याङ्कीको सुधार तथा संरक्षण सम्पन्न<br>• पाइप जडान सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल निर्माण कार्य सम्पन्न<br>• हल निर्माण सम्पन्न<br>• कुल भौतिक प्रगति १००%<br>• कुल वित्तीय प्रगति ६३.१४% |
| ३. | बेनी, म्याग्दी | • इन्टेकको साइड वाल निर्माण सम्पन्न<br>• कार्यालय भवन विस्तार/थप्ने कार्य सम्पन्न<br>• ८ कि .मी पाइप जडान कार्य सम्पन्न<br>• २०० मी क्युब रिजर्भ्वायर ट्याङ्की निर्माण कार्य भई रहेको<br>• कुल भौतिक प्रगति ७६.५८%<br>• कुल वित्तीय प्रगति ५७.४७% |

| | | |
|---|---|---|
| ४. | बिजुवार, प्यूठान | • ७५ मी. क्युब, ५० मि क्युब, २५ मि क्युबका रिजर्भ्वायर ट्याङ्की निर्माण कार्य भई रहेको<br>• वाउन्ड्री वाल निर्माण शुरु<br>• HDPE र GI पाइप, साइटमा उपलब्ध भई सकेको<br>• जेनेरेटर घर र क्लोरिनेसन ल्याबको गारो लगाउने कार्य भई रहेका<br>• कुल भौतिक प्रगति २९.९४%<br>• कुल वित्तीय प्रगति १८.९५% |
| ५. | विर्तामोड, झापा | • डिप ट्युबवेल  १ र २ निर्माण सम्पन्न<br>• ओभर हेड ट्याङ्की १ मा प्रेसर फिल्टर जडान र DI पाइप जडान कार्य सम्पन्न<br>• ओभर हेड ट्याङ्की ४ मा Treatment Plant Vessels र Aerator जडान सम्पन्न<br>• पाइप जडान कार्य सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल setup सम्पन्न<br>• कुल भौतिक प्रगति ९३.७६%<br>• कुल वित्तीय प्रगति ७०.४१% |
| ६. | बुधबारे, झापा | • डिप ट्युबवेल १ र २ निर्माण<br>• कालिखोला स्किममा (HRF) पुनर्निर्माण कार्य भई रहेको<br>• क्लोरिनेसन ल्याब निर्माण सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल कार्यको लागि सामग्रीहरु साइटमा उपलब्ध<br>• पाइप जडान कार्य शुरु<br>• कुल भौतिक प्रगति ४१.३२%<br>• कुल वित्तीय प्रगति ३२.९८% |
| ७. | फिक्कल, इलाम | • कार्यालय भवन निर्माण कार्य जारी<br>• HDPE र GI पाइप साइटमा उपलब्ध<br>• रिजर्भ्वायर ट्याङ्की निर्माणको लागि साइट clearance सम्पन्न<br>• कुल भौतिक प्रगति २६.७८%<br>• कुल वित्तीय प्रगति २४.५७% |
| ८. | इटहरी, सुनसरी | • ३ वटा डिप ट्युबवेल निर्माण सम्पन्न, बाकी एउटा डिप ट्युबवेलको  निर्माण जारी<br>• १६ कि.मी पाइप जडान कार्य सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल कार्य को लागि २ वटा जेनेरेटर, ट्रान्सफरमर उपलब्ध भई सकेको<br>• कुल भौतिक प्रगति ७०.१५%<br>• कुल वित्तीय प्रगति  ३४.३६% |
| ९. | कावासोती, नवलपरासी | • इन्टेक सुधार ३०% सम्पन्न<br>• डिप ट्युबवेल ७५% सम्पन्न<br>• ओभरहेड ट्याङ्कीको निर्माण कार्य भई रहेको<br>• पानी प्रशोधन केन्द्रको सुधार सम्पन्न<br>• ३ वटा Disinfection unit निर्माण सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल कार्य सम्पन्न<br>• कुल भौतिक प्रगति ५१.६५%<br>• कुल वित्तीय प्रगति ४४.९३% |
| १०. | खैरेनीटार, तनहुँ | • इन्टेक निर्माण शुरु<br>• ओभरहेड ट्याङ्की निर्माण कार्य भई रहेको<br>• PST, HRF, SSF संरचना निर्माण<br>• कुल भौतिक प्रगति ५४.४३%<br>• कुल वित्तीय प्रगति ४८.४९% |
| ११. | कुश्मा, पर्वत | • कलेक्सन च्याम्बर सम्पन्न<br>• रिजर्भ्वायर ट्याङ्की १०० मि. क्युब, २५० मि. क्युब को डोम  निर्माण सम्पन्न<br>• क्लोरिनेसन ल्याब निर्माण सम्पन्न<br>• पाइप जडान कार्य सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल कार्य जारी<br>• कुल भौतिक प्रगति ८९.३६%<br>• कुल वित्तीय प्रगति ६१.१४% |
| १२. | लम्की, कैलाली | • पाइपहरु निर्माण स्थलमा उपलब्ध भई सकेको<br>• क्लोरीनेसन रुम निर्माण सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल कार्य जारी<br>• कुल भौतिक प्रगति १८.७६%<br>• कुल वित्तीय प्रगति ८.१९% |

| | | |
|---|---|---|
| १३. | लेखनाथ, कास्की | • दुईवटा रिजर्भवायर ट्याङ्की निर्माण कार्य सुरु<br>• कार्यालय भवन निर्माण सम्पन्न<br>• २ कि. मी पाइप जडान<br>• कुल भौतिक प्रगति ४६.७८%<br>• कुल वित्तीय प्रगति २५.१०% |
| १४. | पर्सा, चितवन | • ओभरहेड ट्याङ्की निर्माण कार्य जारी<br>• डिप ट्युववेलको ड्रिलिङ्ग कार्य सम्पन्न<br>• ४ कि.मी पाइप जडान<br>• कुल भौतिक प्रगति ४६.५०%<br>• कुल वित्तीय प्रगति ४७.३२% |
| १५. | रत्ननगर, पर्सा | • डिप ट्युबवेल निर्माण सम्पन्न<br>• क्लोरिनेसन सेड निर्माण सम्पन्न<br>• कार्यालय भवन निर्माण सम्पन्न<br>• पाइप जडान कार्य सम्पन्न<br>• ओभरहेड ट्याङ्कीमा रङ्ग लगाउने कार्य सम्पन्न<br>• इलेक्ट्रोमेकानिकल कार्य सम्पन्न<br>• पाइप भल्भ बक्स निर्माण कार्य सम्पन्न<br>• फिटिङ्स कार्य सम्पन्न<br>• कुल भौतिक प्रगति १००%<br>• कुल वित्तीय प्रगति ७०.०८% |
| १६. | सुरुङ्गा, झापा | • १४ कि. मी. पाइप जडान<br>• फिल्टर मिडिया सहित Treatment Plant र Aerator जडान कार्य सम्पन्न<br>• कुल भौतिक प्रगति ८७.७७%<br>• कुल वित्तीय प्रगति ७४.२४% |
| १७. | विरेन्द्रनगर, सुर्खेत | • इन्टेक निर्माण कार्य जारी<br>• ३ वटा रिजर्भ्वायर ट्याङ्की मध्ये एउटा ट्याङ्की निर्माण सम्पन्न र अरु ट्याङ्की निर्माण भई रहेको<br>• ८.६ कि.मी पाइप जडान सम्पन्न<br>• कुल भौतिक प्रगति ५३.१६%<br>• कुल वित्तीय प्रगति ५४.२२% |
| १८. | बर्दिवास, महोत्तरी | • नयाँ स्लो स्यान्ड फिल्टर निर्माण सम्पन्न<br>• पुरानो स्लो स्यान्ड फिल्टरमा Filter Media परिवर्तन गर्ने कार्य सम्पन्न<br>• इन्टेक निर्माण कार्य सम्पन्न<br>• सम्पवेल निर्माण कार्य सम्पन्न<br>• रिजर्भ्वायर ट्याङ्की निर्माण कार्य सम्पन्न<br>• ६.३५७ कि.मी HDPE पाइप जडान सम्पन्न<br>• पाइप भल्ब बक्स निर्माण सम्पन्न<br>• कुल भौतिक प्रगति ८२.६३%<br>• कुल वित्तीय प्रगति ७५.९७% |
| १९. | कमलामाई, सिन्धुली | • स्लो स्यान्ड फिल्टरको Sand परिवर्तन कार्य सम्पन्न<br>• नयाँ स्लो स्यान्ड फिल्टर निर्माण सुरु<br>• पाँच वटा रिजर्भ्वायर ट्याङ्की मध्ये एउटा सम्पन्न बाकी रिजर्भ्वायर ट्याङ्की निर्माण हुँदै<br>• ३.४ कि.मी प्रसारण लाइन तथा १५ कि.मी वितरण लाइन जडान सम्पन्न<br>• कुल भौतिक प्रगति ६७.०९%<br>• कुल वित्तीय प्रगति ४१.६९% |
| २०. | कोहलपुर, बाँके | • ज्वाइन्ट सर्वेक्षण सम्पन्न<br>• ४५० मि. क्युब ओभरहेड ट्याङ्की निर्माण जारी<br>• ३ वटा Deep Tube well मध्ये एउटामा drilling जारी<br>• कुल भौतिक प्रगति ८.७३%<br>• कुल वित्तीय प्रगति ८.४६% |
| २१. | त्रियुगा, उदयपुर | • ज्वाइन्ट सर्वेक्षण सम्पन्न<br>• ४.२ कि. मी पाइप जडान कार्य सम्पन्न<br>• कुल भौतिक प्रगति ५२.३२%<br>• कुल वित्तीय प्रगति ३७.५७% |
| २२. | बेलबारी, मोरङ | • सम्झौता भई ठेकेदार मोबिलाइजेसन भएको |
| २३. | घोराही, दाङ | • एउटा Deep Tube Well मा drilling कार्य जारी<br>• कुल भौतिक प्रगति ०.६६%<br>• कुल वित्तीय प्रगति ६.०४% |
| २४. | महेन्द्रनगर, कन्चनपुर | • सम्झौता भई ठेकेदार मोबिलाइजेसन भएको |

## सरसफाइ अभिवृद्धिमा प्रभावकारी कदम : प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम

तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत कार्यान्वयन भएका नगर आयोजनाहरुमा गरीब, सामाजिक रुपमा पिछडिएका, सेवा सुविधाबाट वञ्चित भएका घरधुरीहरुको लागि सरसफाइको सुविधा अभिवृद्धि गर्नका लागि **प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम (OBA)** को व्यवस्था गरिएको छ । दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको कार्यान्वयन सँगै **OBA** कार्यक्रम आरम्भ गरिएको थियो । हाल तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा **OBA** कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई रहेको छ । यसलाई यस आयोजनको एउटा प्रभावकारी तथा दिगो पक्षको रुपमा  लिइएको छ ।

**दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा प्रतिफलमा आधारित सहयोग कार्यक्रमको प्रगति झलक :**
दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत करैया-मकहर नगर आयोजना बाहेक २० वटा नगर आयोजनाहरुमा प्रतिफलमा आधारित सहयोग कार्यक्रम संचालन भई रहेको छ । सो कार्याक्रम अनुसार हाल सम्म ४६८२ वटा घरधुरीमा धारा जडान तथा ५०५६ वटा घरधुरीमा चर्पी निर्माण भई सेवा सुविधा प्रयोग भई रहेको छ ।

हाम्रो समाजमा सामाजिक तथा आर्थिक हैसियत अनुसार, सबै वर्गमा सेवा सुविधाको पहुँच तथा वितरण समान किसिमको नरहेको पाइन्छ । त्यसैले, आर्थिक हैसियत भएकाहरुको सेवामा पहुँच सहज हुनुका साथै सेवा हासिल गर्न सक्षम रहेको पाइन्छ भने अर्कोतर्फ समाजमा रहेका गरीब, सीमान्तकृत तथा पिछडिएको वर्ग सेवाको पहुँचबाट टाढा भएको अवस्था हाम्रो सामु छर्लङ्ग छ । त्यसैकारण, गरीब, पिछडिएको वर्ग, सामाजिक तथा साँस्कृतिक हिसाबले वञ्चित समुदाय, दलित वर्ग आदिलाई समान किसिमको सेवाको पहुँचको लागि **OBA** कार्यक्रम कार्यान्वयनको महत्व रहेको छ ।

**प्रतिफलमा आधारित सहयोगका सुचकहरु :**
घरधुरी छनौट (आयोजनाको कार्यान्वयन निर्देशिका र PAM का आधारमा) का निम्न सूचकहरु  निर्धारण गर्न सकिन्छ :
☞ मासिक आम्दानी रु ७५०० भन्दा कम भएका घरधुरी वा तलका मध्ये कुनै तिन सूचकहरु:
- दलित वा जनजाति घरपरिवार,
- एकल महिला वा अपाङ्ग अशक्त वा वृद्ध-वृद्धा घरमूली भएको घरपरिवार
- एक जना ज्याला मजदूरी गर्ने व्यक्तिमा आश्रित घरपरिवार
- भुमिहिन वा उत्पादनबाट १२ महिना खान नपुग्ने कृषिमा आश्रित घरपरिवार
- कच्ची घर भएको घरपरिवार
- दुई भन्दा कम उत्पादन दिने बस्तुभाउ भएको घरपरिवार

नेपाल सरकारले सन् २०१७ सम्ममा देशलाई खुल्ला दिसामुक्त बनाउने नीति घोषणा गरिसकेको छ । यस सन्दर्भमा आयोजना संचालन भएका नगर क्षेत्रहरुमा यो अभियानलाई सफल बनाउन स्थानीय निकाय, गैर सरकारी क्षेत्र तथा सरोकारवालाहरुसंग समन्वय गरी **OBA** कार्यक्रमले सहयोगी भूमिका खेली रहेको छ । स्रोत साधन नभएका, दैनिक हातमुख जोड्न मुश्किल भएका, गरीबीको कारण चर्पी बनाउन असमर्थ परिवारलाई जनचेतना फैलाएर मात्र पनि उद्देश्य प्राप्त हुँदैन । त्यसकारण, त्यस्ता घर परिवारहरुको पहिचान गरेर **OBA** कार्यक्रममा सहभागिता गराई प्रत्येक घरमा चर्पी बनाउने वातावरण तयार गरी सहयोग गर्न आवश्यक छ, जुन **OBA** कार्यक्रमबाट भई रहेको छ । छनौट भएका विपन्न वर्गका  घरधुरीहरुलाई रु १०,००० बराबरको सेवा सुविधा,  वा सामग्री उपलब्ध गराई स्थायी चर्पी निर्माणको कार्य अगाडि बढी रहेको छ ।

**अनुदानमा धारा जडानको सुविधा**
तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा छनौट भएका गरीब, पिछडिएका घरधुरीहरुलाई अनुदानमा धारा जडानको सुविधा रहेको छ । छनौट प्रक्रिया भने **OBA** अनुसार नै रहेको छ । अग्रिम रकम संकलन (५%) बराबर हुन आउने प्रतिघर बराबर रकम छनौट भएका घरधुरीलाई धारा जडानका लागि अग्रिम उपभोक्ता समितिलाई प्रदान गरिने प्रावधान रहेको छ ।

### OBA कार्यान्वयनका चरण तथा प्रक्रियाहरु

१. **पहिचान र छनौट :** यस चरणमा सुचक अनुसार निवेदन संकलन गरी नामावली तयार गर्ने गरिन्छ र प्रारम्भिक नामावली तयार भएपछि सम्बन्धित सरोकारवालाहरु, स्थानीय निकाय आदिसंग समन्वय गरी टोलटोलमा गएर चेकजाँच गरी सही भए नभएको पहिचान गरी घरधुरीको अन्तिम छनौट गरिन्छ ।

२. **स्वीकृति र सम्झौता :** छनौट भएका घरधुरीहरुसंग चर्पी निर्माण सम्बन्धमा सम्झौता गरिन्छ । आवश्यक शर्त र समय सीमा समेत तय गरिन्छ ।

३. **निर्माण तथा अनुगमन  र जाँच :** परामर्शदाताका निर्माण सुपरिवेक्षण इञ्जिनियरबाट आवश्यक प्राविधिक सरसल्लाह उपलब्ध हुनेछ । चर्पी निर्माण गर्ने विधि, विकल्प तय गरी समय सीमा भित्र निर्माण कार्य प्रारम्भ हुन्छ । सो समयमा आवश्यकता अनुसार प्राविधिक तथा सामाजिक पक्षको अनुगमन जाँच कार्य परामर्शदाता तथा आइसिजिका इञ्जिनियर र सामाजिक परिचालकहरुबाट गरिन्छ । निर्माण सम्पन्न भई उपयोगमा आएपछि प्रमाणीकरण टोलीले शोधभर्नाको लागि प्रमाणित गर्नेछ ।

**प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA)**
- प्रतिफलमा आधारित वा परिणाम प्राप्त भएपछि दिइने अनुदान सहयोग ।
- आवश्यक लगानी गर्न नसकेर सेवा-सुविधाबाट वञ्चित हुन सक्ने निर्धन वर्गलाई दिइने सहयोग ।
- गरीब तथा धनी सबैको समान सहभागिताको लागि प्रदान गरिने सहयोग कार्यक्रम ।
- सामाजिक हिसाबले न्यायपूर्ण तथा आयोजनाको दीगोपनको लागि सहयोगी कार्यक्रम ।

४. **निरीक्षण र मूल्यांकन :** त्यसैगरी, चर्पी निर्माण भएको २/३ महिनापछि पुनः अनुगमन गरेर अन्तिम किस्ता शोधभर्ना हुने प्रावधान रहेको छ ।

**आर्थिक व्यवस्थापन र कार्यान्वयन :** OBA कार्यक्रम संचालन गर्नका लागि प्रारम्भका आर्थिक व्यवस्थापनको जिम्मा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रहेको छ भने निर्माण प्रमाणीकरण पश्चात् दुई किस्तामा रकम शोधभर्ना हुनेछ ।

**तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा OBA कार्यक्रमको प्रगति विवरण :**

**पश्चिमाञ्चल क्षेत्र अन्तर्गत** पाँच नगर आयोजनाहरु (टीकापुर-कैलाली, सितलपाटी खलङ्गा-सल्यान, मुसिकोट खलङ्गा-रुकुम, चन्द्रौटा-कपिलबस्तु, छाप नाहाला डुम्रे-तनहुँ) मा OBA कार्यक्रमबाट चर्पी निर्माणका लागि १४३५ घरधुरीहरु छनौट भएका छन्भने ८१५ घरधुरीमा चर्पी निर्माण सम्पन्न भएको छ । यसैगरी अनुदान सहयोगबाट धारा जडानका लागि मात्र १४९२ घरधुरीहरु छनौट भएका छन् जसमध्ये ५७ घरधुरीहरुले धारा जडानका लागिमात्र छनौट भएका छन् ।

**पुर्वाञ्चाल क्षेत्र** अन्तर्गत चार नगर आयोजनाहरु (चारआली-झापा, महेन्द्रनगर सुनसरी, महेन्द्रनगर सखुवा-धनुषा, रामनगर मिर्चैया-सिरहा) मा OBA कार्यक्रमबाट चर्पी निर्माणका लागि २०२१ घर छनौट भएका छन्भने १४० घरधुरीमा चर्पी निर्माण सम्पन्न भएको छ ।

यसैगरी, अनुदान सहयोगबाट धारा जडानका लागि २०२१ घर नै छनौट भएका छन् । चर्पी निर्माणका लागि छनौट भएका सबै घरधुरीहरुमा धारा जडानका लागि पनि छनौट भएका छन् ।

## कार्यक्रमको चुनौती र सुधारका लागि सुझाव :

- ✓ OBA कार्यक्रम संचालन गर्न शुरुमा आर्थिक व्यवस्थानको जिम्मेवारी समितिको रहेको छ । तर कतिपय नगर आयोजनामा कार्यक्रम कार्यान्वयन गर्न आर्थिक व्यवस्थापनको हिसाबले मुश्किल परिरहेको छ । त्यसकारण, घरधुरी छनौट भएपछि समितिलाई अग्रिम केहि रकम (रु २०००, २५०० वा ३०००) सम्म आयोजनाबाट व्यवस्थापन भए प्रभावकारी रुपमा अगाडि बढ्न सहज हुने अपेक्षा गरिएको छ ।
- ✓ छनौट प्रक्रिया लामो र झन्झटिलो रहेको गुनासो हुने गरेको छ । यसलाई अझ सहज बनाउन आवश्यक भएको स्थानीय माँग रहेको छ। स्थानीय तहमा सबै सरोकारवालाहरुसँग प्रभावकारी समन्वय गरेर खुल्ला दिसामुक्त अभियानलाई सहयोग गरी अझ प्रभावकारिता बढाउन जरुरी छ ।
- ✓ स्थानीय नगर आयोजना स्तरमा आवश्यकता र स्रोत साधनको उपलब्धता अनुसार स्थानीय स्रोतको बढी भन्दा बढी उपयोग गरी चर्पीको डिजाइन गर्न आवश्यक रहेको छ ।

**निष्कर्ष :** तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा OBA विपन्न वर्गको घरमा खानेपानी तथा सरसफाइको सुविधा पुर्याउने प्रभावकारी कार्यक्रम हो । विपन्न वर्गको छनौट प्रक्रिया, निर्माण, अनुगमन तथा प्रमाणीकरण प्रक्रियामा बिभिन्न सरोकारवालाहरु सामेल हुने भएकोले OBA कार्यान्वयन प्रभावकारी हुनुका साथै पारदर्शिता पनि कायम भएको देखिन्छ । साथै OBA कार्यक्रममा चर्पी निर्माण भएर उपयोग गरिसकेपछि प्रमाणीकरण पश्चात मात्र रकम शोध भर्ना हुने भएकोले कार्यक्रमको लक्ष्य हासिल हुनेमा शंका रहन्न । यस कार्यक्रमको सुन्दर पक्ष भनेको सेवा सुविधाबाट वञ्चित, सेवा लिन असमर्थ, निर्धन, पिछडिएको घरधुरीले तोकिएको गुणस्तर अनुसार प्रतिफल पाउनु हो जुन सामाजिक न्याय र आयोजनाको दिगोपनका हिसाबले महत्वपूर्ण रहेको छ ।

**रोशन सुवेदी, लैङ्गिक समानता तथा सामाजिक समावेशी विज्ञ**
ERDSMC (TAEC-ICON JV)

## आ. व. २०७२/२०७३ को वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न



आयोजना व्यवस्थापन कार्यालयको तत्वाधानमा दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका संचालित आयोजनाहरुको वार्षिक प्रगति समीक्षा गोष्ठी २०७३ श्रावण २१ गतेका दिन सम्पन्न भयो । उक्त अवसरमा, दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको प्रगति समीक्षा COEMANCO का Team Leader श्री विनोद चन्द्र झा, ERMC का Team Leader श्री मुकुन्द वैद्य, IDRS का Team Leader श्री शम्भु प्रसाद रिजाल, BDA का Team Leader श्री ध्रुव राज शर्मा तथा ITECO का Co-ordinator श्री सुवाश आचार्यद्वारा सम्बन्धित आयोजनाहरुको प्रगति प्रस्तुत भयो । यसै सिलसिलामा, पूर्वी क्षेत्रीय आयोजनाका व्यवस्थापन कार्यालयका क्षेत्रीय आयोजना व्यबस्थापक श्री चन्देश्वर साह, पश्चिमी क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयका क्षेत्रीय आयोजना व्यवस्थापक श्री भोज विक्रम थापा तथा आयोजना व्यवस्थापन कार्यालयबाट आयोजना व्यवस्थापन कार्यालयका आयोजना उप-निर्देशक श्री राजेन्द्र सापकोटाद्वारा तेस्रो साना सहरी खानेपानी तथा सरससफाइ आयोजनाहरुको प्रगति समीक्षा प्रस्तुत भयो ।

त्यसैगरी, पहिलो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका स्तरवृद्धि सहितका पुनर्निर्माण कार्यक्रम अन्तर्गतका आयोजनाहरुको प्रगति समीक्षा ITECO, Nepal का Co-ordinator श्री सुवास आचार्यले छलफल गर्नुभयो । सो अवसरमा, आयोजना व्यवस्थापन कार्यालयका आयोजना निर्देशक श्री राम चन्द्र साहज्यूद्वारा दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका अनुकरणीय पक्ष, विद्यमान चुनौती आदि बारे छलफल गरी सम्बन्धित परामर्शदातालाई सुझाव तथा निर्देशन दिनु भयो । यस कार्यक्रममा विभिन्न जिल्लाका डिभिजन तथा सब-डिभिजन प्रमुख सहित ४९ जनाको सहभागिता रहेको थियो ।

## खानेपानी तथा ढल निकास विभागको ४४ औं स्थापना दिवस तथा विश्व चर्पी दिवस सम्पन्न



खानेपानी तथा ढल निकास विभागको ४४ औं स्थापना दिवस तथा विश्व चर्पी दिवस २०१६ को अवसरमा मिति २०७३ मंसीर ३ गते खानेपानी तथा ढल निकास विभागको खानेपानी गुणस्तर हलमा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । खानेपानी तथा सरसफाइ मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, खानेपानी तथा सरसफाइ क्षेत्रका सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स., विकास साझेदार, नागरिक समाज, आम संचार क्षेत्रका प्रमुख एवं प्रतिनिधिको उपस्थितिमा आयोजना गरिएको उक्त कार्यक्रमका प्रमुख अतिथि शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका सचिव श्री सुमन प्रसाद शर्मा हुनु हुन्थ्यो । विभागका महानिर्देशक श्री रामचन्द्र देवकोटाज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा उप महानिर्देशक श्री मनोज घिमिरेज्यूबाट स्वागत मन्तव्य राखिएको थियो ।

उक्त कार्यक्रममा खानेपानी तथा ढल निकास विभागका सि.डि.ई श्री अरुण सिंखडाद्वारा विभागका गतिविधि लगायत हालको कार्यक्रमका सम्बन्धमा र सिडिई श्री प्रेमकृष्ण श्रेष्ठद्वारा विश्व चर्पी दिवसका सम्बन्धमा कार्यपत्र प्रस्तुत भएको थियो । उक्त कार्यक्रममा गत आ.व. २०७२/०७३ मा खुला दिसामुक्त घोषणा भएका जिल्लाका खानेपानी तथा सरसफाइ डिभिजन तथा सब डिभिजनहरु रोल्पा, सुर्खेत, तेह्रथुम, बझाङ्ग, स्याङ्जा, उदयपुर, जुम्ला, खोटाङ्ग, ताप्लेजुङ्ग, सल्यान, बैतडी लाई कदर पत्र प्रदान गरिएको थियो । कार्यक्रममा, कार्यक्रमका प्रमुख अतिथि श्री सुमन प्रसाद शर्मा, खानेपानी तथा सरसफाइ मन्त्रालयका नि.सचिव श्री तेजराज भट्ट, कार्यक्रमका अध्यक्ष एवं महानिर्देशक श्री रामचन्द्र देवकोटाज्यू लगायत खानेपानी सरसफाइ उपभोक्ता महासंघका अध्यक्ष श्री राजेन्द्र अर्याल, GSF UN Habitat कार्यक्रम व्यवस्थापक सुधा श्रेष्ठ, पूर्व महानिर्देशक हरिप्रसाद शर्मा, पूर्व महानिर्देशक तथा नेपाल सरकारका पूर्व सचिव ईश्वरी प्रसाद पौड्यालज्यूले खानेपानी तथा ढल निकास र विश्व चर्पी दिवसका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

## संस्थागत सहयोग तथा सेवा परामर्श इकाई (Institutional Support and Service Advisory Unit-ISSAU) को वर्तमान विवरण :

साना सहरी खानेपानी आयोजना तथा उपभोक्ता संस्थाहरुको संस्थागत तथा संरचनागत प्रवर्द्धन गर्ने, विभागको संस्थागत विकासमा सहयोग गर्ने र नेपाल खानेपानी तथा सरसफाइ तालिम केन्द्र (NWSSTC) को संस्थागत विकास गर्ने यस इकाईको उदेश्य हो । खानेपानी तथा ढल निकास विभागमा ISSAU इकाई स्थापना भएदेखि यसले विभिन्न कार्यहरु गर्दै आएको छ । इकाई प्रमुखको संयजकत्वमा ISSAU कार्यान्वयन समिति कार्यरत रहेको छ । उक्त समितिमा योजना शाखाका प्रमुख, खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रका प्रमुख, आयोजना व्यवस्थापन कार्यालयका आयोजना निर्देशक श्री राम चन्द्र साहज्यू लगायतका सदस्यहरु रहेका छन् र यस समितिको सक्रियतामा इकाईको कार्य योजना बनेको छ । ISSAU को व्यवस्थापनको लागि आवश्यक श्रोतहरु जस्तै पदपूर्ति, आवश्यक सूचना संकलन, कार्यकक्ष, फर्निचरहरु, कम्प्यूटर आदि व्यवस्थित गर्ने कार्यहरु भई रहेका छन् । इकाईको बारेमा प्रचार प्रसार गर्नको लागि ब्रोसियर (Brochure) छापिने क्रममा रहेको छ ।

आयोजना व्यवस्थापन कार्यालयबाट यस इकाईको लागि परामर्शदाताको नियुक्ति प्रक्रिया अघि बढी रहेको छ । उक्त परामर्शदाताको टोलीको सहयोगमा ISSAU इकाईले काम संचालन गर्ने छ ।

यस इकाईको मुख्य कार्यक्षेत्र खानेपानी तथा ढल निकास विभाग, खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको सशक्तिकरण तथा प्रवर्द्धन गर्नु हो । आगामी दिनहरुमा मुख्यतया, साना सहरी खानेपानी उपभोक्ता संस्थाहरुको हालको व्यवस्थापन, प्राविधिक पक्ष र संरचनागत अवस्थाको लेखाजोखा गर्ने, व्यवसायिक योजना (Business Plan) बनाउन सहजीकरण गर्ने, आयोजना संचालन तथा मर्मत संभार (Operation and Maintenance), विपद व्यवस्थापन (Emergency management), चुहावट व्यवस्थापन (Non-revenue Water Management), गुनासो व्यवस्थापन (Grievance Handling) का लागि निर्धारित संचालन कार्यविधि (Standard Operating Procedure) बनाई कार्यान्वयन गर्न सहजीकरण गर्ने, उपभोक्ता संस्थाको आर्थिक व्यवस्थापन तथा लेखा परीक्षण (Accounting System/ Auditing) प्रणाली विकासमा सहयोग गर्ने, पानी महसूलको बिल तयारी तथा बिल भुक्तानी प्रक्रिया (Billing and Computerization) मा सहयोग गर्ने लगायतका कामहरु समेत यसले गर्नेछ ।

## दिसाजन्य लेदो व्यवस्थापन Tools सम्बन्धी तालिम




खानेपानी तथा सरसफाइसंग सम्वन्धित संस्था/कार्यालयहरुको इन्जिनियर तथा सम्वन्धित कर्मचारीहरुलाई मिति २०७३/०८/२० देखि २३ गते सम्म Faecal Sludge Management- Tools सम्वन्धी ४ दिने आवासीय तालिम ENPHO, Consortium For DEWATS, AIT-Thailand, DWSS साथै Bill and Melinda Gate Foundation को सहयोगमा 500B Solution ले गोदावरीमा संचालन गरेको थियो ।

उक्त तालिममा विशेषत: FSM Tool Box, Situation Assessment Tool, Technical and Financial Analysis Tools, Stakeholder Analysis Tool सम्बन्धी व्यावहारिक ज्ञान तथा सीप प्रदान गरिएको थियो । तालिमको उद्घाटन कार्यक्रममा दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका आयोजना निर्देशक श्री राम चन्द्र साहज्यू द्वारा यो तालिमबाट भविष्यमा Faecal Sludge Mangement Tools को लागि प्रशिक्षकहरु बन्ने आशा व्यक्त गर्नु भयो । साथै, यी Tools को प्रयोगबाट नगर आयोजनाहरुमा दिसाजन्य लेदो व्यवस्थापन गर्न टेवा पुऱ्याउन सहयोग हुने कुरा व्यक्त गर्नु भयो ।

सो तालिममा दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरु टिकापुर, काँकडभिट्टा, चारआली तथा चन्द्रौटा नगर आयोजनासंग सम्वन्धित कर्मचारी लगायत खानेपानी तथा ढल निकास विभागका कर्मचारीहरु र अन्य संघ/संस्था र कार्यालयहरुबाट गरी जम्मा २० जनाको सहभागिता रहेको थियो । यस तालिममा श्रोत व्यक्तिहरु AIT- Thailand, Philippines र भारतबाट पाल्नु भई विभिन्न Tools बारे छलफल गरी सीप प्रदान गर्नु भयो ।

## दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी छलफल गर्न चारआली र काँकडभिट्टा नगर आयोजनाको भ्रमण :

Consortium for DEWATS Dissemination Society (CDD) बैंग्लोरका, श्री सुस्मिता सिन्हा सहित ६ जनाको टोली मिति २०७३, पौष १२ गते काँकडभिट्टा र मिति २०७३, पौष १३ गते चारआली नगर आयोजनाको भ्रमण गर्नुभयो । उक्त भ्रमणमा, सम्वन्धित खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिका पदाधिकारीहरु र भ्रमण टोली बीच दिसाजन्य लेदो व्यवस्थापन गर्न विभिन्न उपयुक्त प्रविधिहरु बारे छलफल भयो । साथै टोलीद्वारा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाबाट दिसाजन्य लेदो व्यवस्थापन कार्यक्रम संचालनको लागि व्यवस्था भएको जग्गाको पनि निरीक्षण भयो । सो टोलीमा CDD का श्री सुस्मिता सिन्हा, श्री अविनाश नागपाल, डिजाइन परामर्शदाता श्री आलेक पौडेल, व्यावसायिक प्रारुप परामर्शदाता श्री मिङ्गमा शेपा तथा श्री पुनम चौधरीको उपस्थित रहेको थियो ।

## नवनियुक्त महानिर्देशक श्री तेजराज भट्टज्यूको खानेपानी तथा ढल निकास विभागमा स्वागत




२०७३/०८/१७ गतेका दिन खानेपानी तथा ढल निकास विभागका महानिर्देशक श्री तेजराज भट्टज्यूको स्वागत तथा निवर्तमान महानिर्देशक श्री राम चन्द्र देवकोटाज्यूको विदाई कार्यक्रममा खानेपानी तथा ढल निकास विभागका उप-महानिर्देशक श्री विनोद अग्रवालज्यूले नव नियुक्त महानिर्देशकको स्वागत गर्दै मन्तव्य व्यक्त भयो । त्यसरी नै, विभागबाट खानेपानी तथा सरसफाइ मन्त्रालयमा सरुवा हुनु भएका निवर्तमान महानिर्देशक श्री राम चन्द्र देवकोटाज्यूबाट विगतका आफ्ना अनुभव, चुनौती तथा नव नियुक्त महानिर्देशक श्री तेजराज भट्टज्यूको सफल कार्यकालको शुभकामना व्यक्त भयो । अन्तिममा, खानेपानी तथा ढल निकास विभागका नव नियुक्त महानिर्देशक श्री तेजराज भट्टज्यूले आगामी दिनहरुमा विभागलाई अघि बढाउन पारदर्शिता, जवाफदेहिता, नयाँ प्रविधि तथा नयाँ सोचहरुलाई अंगालेर जानुपर्ने कुरालाई जोड दिँदै कार्यक्रमको समापन गर्नु भयो ।

## अध्ययन भ्रमण

तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत दिसाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management) गर्ने कार्य Bill Gates Foundation को अनुदान सहयोगमा संचालन गर्न लागिएको छ । यसका लागि ४ वटा साना सहरहरु काँकडभिट्टा, चारआली (झापा), महेन्द्रनगर (सुनसरी) तथा चन्द्रौटा (कपिलवस्तु) छनौट गरी यस सम्बन्धी DPR तयार गर्ने कार्य भई रहेको छ । दिसाजन्य लेदो व्यवस्थापनको काम भर्खर शुरु गर्न लागेको हुनाले यस सम्वन्धी अनुभव आदान प्रदान गर्न २०१६ अक्टोबर ४ देखि ८ सम्म, आयोजनाबाट ८ जनाको टोली Consortium for DEWATS Dissemination Society (CDD), बैंग्लोर–भारतमा अध्ययन भ्रमणको लागि प्रस्थान गर्नु भएको थियो । भ्रमणको अवसरमा त्यहाँ भर्खर निर्माण सम्पन्न भई संचालनमा आएको देवनहाली Faecal Sludge Management Project बैंग्लोरको अवलोकन गरिएको तथा दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धी ३ दिने Master Course मा पनि सहभागी भई दिसाजन्य लेदो व्यवस्थापन गर्ने बारेमा जानकारी हासिल गरिएको थियो । उक्त भ्रमणमा, दिवाकर प्रसाद ढकाल (आयोजना उप-निर्देशक), लक्ष्मी पन्त (इन्जिनियर), कमलकान्त पौडेल (अर्थशास्त्री, खानेपानी तथा सरसफाइ मन्त्रालय), आराम विक्रम शाह (शाखा अधिकृत, खानेपानी तथा सरसफाइ मन्त्रालय), संजय अधिकारी (Institutional and Governance Specialist), मिग्मा शेर्पा (FSM Specialist), लाल बहादुर थेवे (अध्यक्ष, चारआली खानेपानी तथा सरसफाइ उपभोक्ता समिति) तथा सूर्य प्रकाश उप्रेती (अध्यक्ष, काँकडभिट्टा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति) को सहभागिता रहेको थियो । अध्ययन भ्रमण पश्चात् सहभागी सबैजना काँकडभिट्टा तथा चारआलीमा निर्माण गर्न लागिएको FSM को संरचनाहरु लगभग देवनहालीमा निर्माण भएको जस्तै गरी निर्माण गर्न उपयुक्त हुने निष्कर्षमा पुगेका थिए ।

त्यसै गरी, मिलिण्डा गेट्स फाउण्डेशनको अनुदानबाट सरसफाइ (Sanitation), खास गरी दिसाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management, FSM) क्षेत्रमा कार्यरत विभिन्न देशका साझेदार संस्थाहरु र डकारमा यस्तो कार्यक्रम संचालन गर्ने निकायका पदाधिकारीहरुलाई एउटै थलोमा राखी परस्पर अनुभव र सिकाइहरुको आदान-प्रदान गर्दै संचालित कार्यक्रमहरुको प्रभावकारितामा अभिवृद्धि गर्न अनुशिक्षण कार्यक्रम सहित गत नवम्बर १४ देखि १८ गतेसम्म सेनेगलको राजधानी डकारमा संचालित South Asia City Partners Convening in Dakar कार्यक्रममा साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका आयोजना निर्देशक श्री राम चन्द्र साहको सहभागिता रहेको थियो । सो कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरुको स्थलगत निरीक्षण समेत गराइएको थियो जसमा सबभन्दा महत्वपुर्ण एउटा Omni Processor Plant को अवलोकन रहेको थियो जहाँ दिसाजन्य लेदोबाट विद्युत उत्पादनका साथै निस्किने फोहोरलाई मलको रुपमा र पानीलाई प्रशोधन गरी खानेपानीको प्रयोजनमा समेत प्रयोग गरिएको पक्ष आकर्षक थियो ।



डकार, सेनेगलको Omni Processor Plant



भियतनामको Haiphong सहरमा प्रस्थान गरेको टोली

यसरी नै, मिति २०७३/०९/२५ देखि २९ सम्म Water Operator's Partnership अन्तर्गत भियतनामको Haiphong सहरमा ADB को सहयोगमा ९ जनाको सहभागितामा दिसाजन्य लेदो व्यवस्थापन (Fecal Sludge Management, FSM) सम्बन्धी अध्ययन भ्रमण सम्पन्न गरिएको थियो । Sewerage and Drainage Company Ltd. (SADCO) ले Haiphong सहर अन्तर्गतका ४ वटा जिल्लामा दिसाजन्य लेदो व्यवस्थापन तथा ढल निकास व्यवस्थापनको कार्य गर्दै आइरहेको छ । SADCO ले नयाँ प्रविधि प्रयोग गरी दिसाजन्य लेदो व्यवस्थापनको लागि जैविक प्रशोधन प्रणाली प्रयोगमा ल्याएको छ । उक्त संस्थाले सम्पूर्ण संचालन खर्चको लागि नयाँ वित्तीय नीतिहरु र संस्थागत संरचनाहरु अवलम्बन गरेको पाइयो । SADCO ले दिसाजन्य लेदो व्यवस्थापन तथा ढल निकास व्यवस्थापनका लागि चाहिने रकम, खानेपानी महसुलमा संलग्न गरिने व्यवस्था त्यहाँको स्थानीय सरकार द्वारा गरिएको छ । नेपालको तर्फबाट गएको अध्ययन भ्रमण टोलीले FSM को नमूना सहरको रुपमा परिभाषित गरिएका काँकडभिट्टा, चारआली, महेन्द्रनगर र चन्द्रौटाको लागि दिसाजन्य लेदो व्यवस्थापनको संचालन प्रारुपबारे अनुभवको आदान प्रदान गऱ्यो भने उक्त Haiphong को SADCO बाट आवश्यक पृष्ठपोषण ग्रहण गरिनुको साथै काँकडभिट्टा र चारआलीको लागि तयार पारिएको Conceptual Design तथा Institutional and Regulatory Framework को प्रस्तुति गऱ्यो । सो अवसरमा, नेपालको टोलीको तर्फबाट सन् 2017 को December सम्ममा तय गरिएको Design अनुसार काँकडभिट्टा तथा चारआली नगरमा दिसाजन्य लेदो व्यवस्थापनको लागि प्रशोधन प्रणालीको निर्माण सम्पन्न गरी 2018 को January मा उक्त प्रशोधन प्रणाली संचालनमा ल्याउने प्रतिवद्धता गरिएको छ ।

सो भ्रमण टोलीमा, भोज विक्रम थापा (Team coordinator, Manager, Western Regional Project Management Office), युग राज पाण्डे (उपसचिव, अर्थ मन्त्रालय), कुमार कोइराला (उपसचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय), लक्ष्मी पन्त (इन्जिनियर, Focal Person FSM, PMO), रमेश पाण्डे (शाखा अधिकृत, खानेपानी तथा सरसफाइ मन्त्रालय), सूर्य प्रकाश उप्रेती (अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति काँकडभिट्टा, झापा), लाल बहादुर थेवे (अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति चारआली, झापा), भवानी प्रसाद धिमाल (अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति महेन्द्रनगर, सुनसरी) तथा तौफिक खाँ (अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति चन्द्रौटा, कपिलवस्तु) को सहभागिता रहेको थियो ।

## ADB Review Mission टोलीसँग छलफल तथा उक्त टोलीद्वारा स्थलगत अनुगमन निरीक्षण

ADB को Grant Review Mission टोलीबाट मिति २०७३/८/१३ देखि २४ गतेसम्म दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत खाँदबारी तथा व्यास नगर आयोजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षण भ्रमण गर्नुको साथै आयोजना व्यवस्थापन कार्यालयमा आयोजनाहरुको वर्तमान अवस्था, आयोजनामा कार्यरत परामर्शदाता र निर्माण व्यवसायीहरुको कार्य सम्पादनबारे छलफल भएको थियो । उक्त छलफलमा, भविष्यमा गर्नु पर्ने Contract Award र Disbursement को बारेमा पनि छलफल भयो ।

सोही टोलीबाट मिति २०७३/९/४ मा खानेपानी तथा सरसफाइ मन्त्रालयमा Wrap up Meeting भयो । सो अवसरमा, टोलीद्वारा निर्माण कार्यमा ढिलाई भएका ५ वटा आयोजनाहरुको बारेमा विशेष चासो व्यक्त भयो । यी ५ वटा आयोजनाहरु केही ढिलाइ भएता पनि अधिकांश कामहरु भई सकेको हुनाले २०७३ साल भित्र नै सबै आयोजनाहरु सम्पन्न गर्ने प्रतिवद्धता आयोजनाको तर्फबाट व्यक्त गरिएको थियो । Wrap up Meeting मा ५ बुँदे कार्य योजना तयार भई यसलाई कार्यान्वयन गर्ने सहमति पनि दुई पक्ष बीच भएको थियो । उक्त टोलीको नेतृत्व एशियाली विकास बैंकका सिनियर प्रोजेक्ट अफिसर श्री मोहन बहादुर कार्कीज्यू तथा आयोजना व्यवस्थापन कार्यालयबाट आयोजना निर्देशक श्री राम चन्द्र साहज्यूले गर्नु भएको थियो ।

## खानेपानी तथा सरसफाइ मन्त्रालयका माननीय राज्यमन्त्रीज्यू र सचिवज्यूको स्वागत तथा छलफल कार्यक्रम



मिति २०७३ मंसिर २२ गते खानेपानी तथा ढल निकास विभाग, पानीपोखरीमा खानेपानी तथा सरसफाइ राज्य मन्त्री माननीय दिपक खड्काज्यू र यसै मन्त्रालयका श्रीमान् सचिव भीम उपाध्यायज्यूलाई खानेपानी तथा सरसफाइ मन्त्रालय अन्तर्गतका निकाय तथा विभाग मार्फत स्वागत तथा कार्यक्रम सम्बन्धी छलफल कार्यक्रम आयोजना भयो । खानेपानी तथा ढल निकास विभागका महानिर्देशक श्री तेजराज भट्टज्यूको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा मन्त्रालयका सह-सचिव श्री शंकर सुवेदीज्यूका साथै खानेपानी तथा ढल निकास विभागका उप-महानिर्देशकज्यूहरु, महसुल निर्धारण आयोग, आयोजना कार्यान्वयन निर्देशनालय, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, खानेपानी संस्थान, ग्रामीण खानेपानी सरसफाइ कोष विकास समिति, खानेपानी विभाग लगायतका कार्यालय प्रमुख, कार्यकारी निर्देशक एवं महाप्रबन्धक र प्रतिनिधिज्यूहरुको पनि उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा माननीय राज्यमन्त्री दिपक खड्काज्यू र श्रीमान् सचिव भीम उपाध्यायज्यूलाई खानेपानी तथा ढल निकास विभाग र अन्य कार्यालयका तर्फबाट स्वागत गरिएको थियो । उक्त कार्यक्रममा खानेपानी तथा ढल निकास विभागका सम्बन्धमा महानिर्देशक श्री तेजराज भट्ट, साना सहरी खानेपानी सरसफाइ आयोजनाका सम्बन्धमा आयोजना निर्देशक श्री राम चन्द्र साह, भूकम्पबाट क्षतीग्रस्त खानेपानी तथा सरसफाइ आयोजना सम्बन्धमा उप- महानिर्देशक श्री मनोज घिमिरे, सहलगानी खानेपानी तथा सरसफाइ आयोजना सम्बन्धमा आयोजना निर्देशक श्री मीना श्रेष्ठ, सुख्खाग्रस्त खानेपानी सरसफाइ आयोजना सम्बन्धमा आयोजना प्रमुख श्री केदार प्रजापतिद्वारा प्रस्तुति गर्नु भएको थियो ।

साथै, आयोजना कार्यान्वयन निर्देशनालयका निर्देशक श्री तिरेश प्रसाद खत्री, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक श्री संजिव विक्रम राणा, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका महाप्रवन्धक श्री महेश भट्टराई, खानेपानी संस्थानका महाप्रबन्धक श्री अर्जुनबाबु ढकाल, ग्रामीण खानेपानी सरसफाइ कोष विकास समितिका उप-कार्यकारी निर्देशक श्री संजीव मिश्रले सम्बन्धित आयोजना एवं कार्यालय सम्बन्धी प्रस्तुति गर्नु भएको थियो । प्रस्तुति पश्चात् श्रीमान् सचिवज्यू र माननीय राज्य मन्त्रीज्यूबाट आवश्यक निर्देशन तथा मार्गदर्शन गर्नु भएको थियो । खानेपानी तथा ढल निकास विभागका उप-महानिर्देशक श्री सुनिल कुमार दासज्यूबाट स्वागत मन्तव्य एवं उप-महानिर्देशक श्री विनोद कुमार अग्रवालज्यूद्वारा धन्यवाद मन्तव्य राखिएको उक्त कार्यक्रमको संचालन समाजशास्त्री श्री भोजेन्द्र अर्यालबाट गरिएको थियो ।

# तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको झलक



ओभरहेड ट्याङ्की निर्माण हुँदै (चन्द्रौटा, कपिलबस्तु)



गार्ड हाउस तथा पम्पिङ स्टेसन (खलङ्गा सितलपाटी, सल्यान)



वाटर ट्याङ्की (मुसिकोट खलङ्गा, रुकुम)



निर्माणाधीन ओभरहेड ट्याङ्की (चारआली, झापा)



ग्राउन्ड वाटर ट्याङ्की निर्माण हुँदै, (रामनगर मिर्चैया, सिरहा)



निर्माणधीन ओभरहेड ट्याङ्की तथा अफिस (टिकापुर, कैलाली)


**दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना आयोजना व्यवस्थापन कार्यालयद्वारा प्रकाशित यस अर्ध वार्षिक समाचार पत्रको:**

**संरक्षण:**
राम चन्द्र साह
(आयोजना निर्देशक)

**सल्लाहकार:**
दिवाकर प्रसाद ढकाल
(आयोजना उप-निर्देशक)

**सम्पादन:**
पुष्पाञ्जली राणा
(समाजशास्त्री)

**सहयोगी:**
पुनम कुमारी चौधरी
(सामाजिक परिचालिका)
पूनम कार्की
(सामाजिक विकास सहायक)
गंगा चौलागाई/कविता गिरी
(कम्प्युटर अपरेटर)



**सम्पर्क :**

**खानेपानी तथा ढल निकास विभाग**
**दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना**
**आयोजना व्यवस्थापन कार्यालय**
पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ९७७-१-४४२३८४८, ४००६६८५ ,४४२२२३१, फ्याक्स : ९७७-१-४४१३२८०
इमेल : info@ stwsssp.gov. np, वेवसाइट : www.stwsssp.gov.np